# प्रेस विज्ञप्ति

आदरणीय शहीदनगर नगरपालिका सम्पूर्ण नगरवासीमा जानकारी गराउन चाहन्छौं कि विगत केही दिन देखी शहीदनगर नगरपालिकाको शिक्षा शाखा प्रमुख विश्वनाथ यादवलाई उक्त जिम्मेवारी बाट हटाउनको लागि विभिन्न सामाजिक सञ्जाल मार्फत टिका टिप्पणी तथा यस शहीदनगर नगरपालिकाका नगर प्रमुख दिनेश प्रसाद यादव समेतको नाम जोडी सामाचार तथा यस शहीदनगर नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष उमेश कुमार निरालाले आफ्नो फेसबुक आइडी मार्फत समेत विभिन्न आरोप प्रत्यारोप लगाई शिक्षा शाखा प्रमुख विश्वनाथ यादव तथा नगर प्रमुख दिनेश प्रसाद यादवको समेत नाम जोडी पोष्ट गर्ने गरेकोले यस सम्बन्धमा यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा शहीदनगर नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरवासिमा वास्तविक विषयवस्तु के हो। सो सम्बन्धमा यसै विज्ञप्ति द्धारा आम जन- समुदायमा सुचित तथा जानकारी गराउन चाहन्छौं। शहीदनगर नगरपालिकाले सम्पूर्ण नगरवासीलाई प्रदान गर्दै आएको सेवा सुविधा निर्वाधरुपमा, निष्पकक्षरुपमा दिदै आएको कुरा सम्पूर्ण नगरवासीमा अवगत नै छ। नगरपालिका बाट प्रदान हुने सेवालाई थप प्रभावकारी बनाई प्रदान गर्न नगर प्रमुख हर हमेसा अहोरात्र खटीएको तथा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत पटक – पटक विभिन्न छानबिनमा रहेकोले केही काम ढिला हुन गएकोमा सम्पूर्ण नगरवासीहरुलाई जानकारी गराउन चाहन्छौ।

शिक्षा शाखामा कार्यरत विश्वनाथ यादवलाई आफ्नै विद्यालयमा फिर्ता पठाउनको लागि सर्वदलिय संघर्ष समितिले मिति २०८०/११/१० गते देखी विभिन्न आन्दोलनको कार्यक्रम घोषणा गरेकोले सो विषयलाई समेत शहीदनगर नगरपालिकाले समस्या सामाधानका लागि गम्भिरताका साथ लिएको छ। सम्मानित श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिपत्र तथा शिक्षा विकास तथा समन्वय इकाइ धनुषा द्धारा प्राप्त पत्रलाई यस नगरपालिकाले सो समयमा कार्यान्वयनमा लाइएको व्यहोरा सम्बन्धित निकाय तथा आम सरोकारवालाहरुलाई अवगत गराउन चाहन्छौ। शिक्षा शाखा प्रमुखको लागि ३ जनालाई सहमति दिए तापनीहाल सम्म सरुवा भई नआएको र शहीदनगर नगरपालिकाले प्रदेश लोक सेवा आयोग तथा सम्बन्धित निकायलाई समेत पत्राचार गरिसकेको तर हालसम्म पनि पदपूर्ति हुन नसकेकोले उक्त समस्या आएको हो। विगतमा विश्वनाथ यादवलाई शिक्षा शाखामा काम गर्नका लागि हाल आन्दोलन घोषणा गरेका कार्यपालिका सदस्य तथा तत्कालिन शिक्षा संयोजक उमेश कुमार निरालाले नै मिति २०७९/०६/०६ को नगर शिक्षा समितिको निर्णय बमोजिम शाखा प्रमुखको जिम्मेवारीमा विश्वनाथ यादवलाई नियुक्ति दिएको थियो र हाल कर्मचारी नभएकोले निज विश्वनाथ यादवले नै काम काज गर्दै आएको तथा सर्वदलिय संघर्ष समिति शहीदनगर नगरपालिकालाई लगाएको आरोपहरु निराधार, झुठ्ठो, कपोकल्पित एवम बनाबटी रहेकोले उक्त विषयवस्तुमा कुनै सत्यता नभएकोले विश्वास नगर्न सम्पूर्ण शहीदनगर नगरपालिकाका नगरवासीहरुमा अनुरोध गर्दछौ। साथै नगरपालिका अन्तर्गत संचालित सम्पूर्ण सेवा सुविधा समयमै प्रदान गर्न सदैव तत्पर रहने छ।धन्यवाद।।।

.............

दिनेश प्रसाद यादव

नगर प्रमुख

२०८०।११।०९

CamScanner